# गण्डकी प्रदेश विकास प्राधिकरण ऐन, २०७७

(मिति २०७७ साल कार्तिक मसान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको)

आन्तरिक मामिला तथा गण्डकी प्रदेश

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश, पोखरा ।

# गण्डकी प्रदेश विकास प्राधिकरण ऐन, २०७७

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७७।०७।२४

<u>संवत् २०७७ सालको ऐन नं.११</u>

<u>**गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**</u>

**<u>प्रस्तावना:</u>** सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा सञ्चालन हुने आयोजनाको छनौट, स्वीकृति, द्रुत कार्यान्वयन, कुशल व्यवस्थापन, प्रभावकारी नियमन र अनुगमन गरी प्रदेशको समग्र विकासमा योगदान पुऱ्याउन गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "गण्डकी प्रदेश विकास प्राधिकरण ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले कार्यकारी परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "अनुमति पत्र प्राप्त व्यक्ति" भन्नाले आयोजनाको अध्ययन, सर्वेक्षण र कार्यान्वयन गर्न अनुमति पत्र प्राप्त फर्म, कम्पनी वा व्यक्ति सम्झनु पर्छ।

(ग) "आयोजना" भन्नाले यस ऐन बमोजिम सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा कार्यान्वयन गरिने आयोजना सम्झनु पर्छ र सो शब्दले प्राधिकरणले कार्यान्वयन गर्ने गरी प्रदेश सरकारले तोकेका आयोजनालाई समेत सम्झनु पर्छ।

(घ) "उपभोक्ता" भन्नाले यस ऐन बमोजिमको आयोजनाबाट सेवा सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्छ।

(ङ) "कार्यकारी परिषद्" भन्नाले दफा ५ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ।

(च) "कार्यकारी निर्देशक" भन्नाले दफा १२ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(छ) "कोष" भन्नाले दफा ५८ बमोजिमको कोष सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(झ) “निजी लगानी” भन्नाले दफा ३१ बमोजिम गरिने लगानी सम्झनु पर्छ।

(ञ) “निर्माण” भन्नाले पूर्वाधार संरचनाको विकास, निर्माण र पुनर्स्थापनाको कार्य सम्झनु पर्छ।

(ट) “पूर्वाधार संरचना” भन्नाले सडक, सुरुङ मार्ग, पुल, नहर, जलाशय, बाँध, ढल, केबुलकार, रेल्वे, ट्रामवे, मेट्रो रेल, मोनो रेल, स्काइ रेल, ट्रलीबस, बस र्‍यापिड ट्रान्जिट, सुख्खा बन्दरगाह, जलमार्ग परिवहन, विमानस्थल, अस्पताल, शीत भण्डार, गोदाम घर, सार्वजनिक सभागृह, रङ्गशाला, जलविद्युत्, जैविक, वायू, सौर्य लगायतका नवीकरणीय, तापीय तथा भूतापीय ऊर्जाको उत्पादन, प्रसारण तथा वितरण, प्रदर्शनी स्थल, मनोरञ्जन पार्क, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, सञ्चार तथा सूचना प्रविधि, वित्तीय बजार पूर्वाधार, खानी तथा खनिजजन्य उद्योग, विशेष आर्थिक तथा औद्योगिक क्षेत्र, कृषि तथा वन क्षेत्र, शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र, होटल वा पर्यटन क्षेत्रसँग सम्बन्धित पूर्वाधार संरचना सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचनालाई समेत जनाउँछ।

(ठ) “प्रदेश नीति तथा योजना आयोग” भन्नाले गण्डकी प्रदेशको नीति तथा योजना आयोग सम्झनु पर्छ।

(ड) “प्राधिकरण” भन्नाले दफा ३ बमोजिमको गण्डकी प्रदेश विकास प्राधिकरण सम्झनु पर्छ।

(ढ) “महशुल” भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिने सेवा शुल्क सम्झनु पर्छ।

(ण) “मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय” भन्नाले गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्झनु पर्छ।

(त) “लगानी” भन्नाले यस ऐन बमोजिम ऋण वा स्वपुँजी वा पुनर्लगानी वा यस्तै प्रकारका वित्तीय उपकरण मार्फत् आयोजनामा गरिने पुँजी प्रवाह सम्झनु पर्छ।

(थ) “लगानीकर्ता” भन्नाले यस ऐन बमोजिम आयोजनामा लगानी गरेको वा लगानी गर्ने इच्छा व्यक्त गर्ने फर्म, कम्पनी वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले आयोजनाको अध्ययन, सर्वेक्षण र विकास निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ।

(द) “सदस्य” भन्नाले कार्यकारी परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ।

(ध) “सम्झौता” भन्नाले प्रदेश सरकार वा प्राधिकरण र लगानीकर्ता बीच भएको आयोजना विकास सम्झौता, आयोजना लगानी सम्झौता वा सुविधा सम्झौता (कन्सेसन एग्रिमेन्ट) वा अन्य यस्तै प्रकारका सम्झौता सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकार र निजी क्षेत्रसँग भएको संयुक्त लगानी सम्बन्धी सम्झौतालाई समेत जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(न) "सम्बन्धित निकाय" भन्नाले आयोजना कार्यान्वयन तथा सहजीकरण गर्ने प्राधिकरण, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह वा मातहतका सार्वजनिक निकाय सम्झनु पर्छ।

(प) "सर्वेक्षण" भन्नाले आयोजना कार्यान्वयन गर्नका लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्छ।

(फ) "सार्वजनिक निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय, नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, कम्पनी वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित वा गठित अन्य सङ्गठित संस्था वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल सरकारले सार्वजनिक निकाय भनी तोकिदिएको सार्वजनिक संस्था सम्झनु पर्छ।

(ब) "सार्वजनिक-निजी साझेदारी" भन्नाले सम्बन्धित सार्वजनिक निकाय र लगानीकर्ता बीच स्रोत वा प्रतिफल बाँडफाँट तथा जोखिम बेहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुनर्स्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न दफा १८ को उपदफा (२) मा उल्लेख भए मध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ।

(भ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

परिच्छेद-२

**प्राधिकरणको स्थापना**

३. **प्राधिकरणको स्थापनाः** (१) सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा सञ्चालन हुने आयोजनाको छनौट, स्वीकृति, द्रुत कार्यान्वयन, कुशल व्यवस्थापन, प्रभावकारी नियमन र अनुगमन गरी प्रदेशको समग्र विकासमा योगदान पुऱ्याउन गण्डकी प्रदेश विकास प्राधिकरणको स्थापना गरिएको छ।

(२) प्राधिकरणको प्रधान कार्यालय गण्डकी प्रदेशको राजधानी पोखरामा रहनेछ।

(३) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्था हुनेछ।

(४) प्राधिकरणको सबै काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(५) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(६) प्राधिकरणले आफ्नो नामबाट व्यक्ति सरह उजुर गर्न र प्राधिकरण उपर पनि सोही नामबाट उजुर लाग्न सक्नेछ।

(७) प्राधिकरणले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

४. **<u>आयोजना कार्यान्वयनः</u>** (१) प्रदेश सरकारका प्राथमिकता प्राप्त आयोजनामध्ये तोकिए बमोजिम प्रदेश सरकारले निर्णय गरी प्राधिकरणले कार्यान्वयन गर्ने भनी तोकेका आयोजना प्राधिकरणले कार्यान्वयन गर्नेछ।

(२) प्रदेश सरकारले तोकेका देहाय बमोजिमका आयोजना प्राधिकरणले सार्वजनिक-निजी साझेदारीमा यस ऐन बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछः-

(क) जलविद्युत्, सौर्य तथा वायुऊर्जा, बायोग्याँस तथा अन्य ऊर्जा सम्बन्धी आयोजना,

(ख) सडक तथा सुरुङ मार्ग निर्माण आयोजना,

(ग) विद्युत् प्रसारण लाइन लगायतका विद्युत् पूर्वाधार आयोजना,

(घ) साहसिक पर्यटनसँग सम्बन्धित पूर्वाधार विकास आयोजना तथा केबलकार आयोजना,

(ङ) खानेपानी तथा सिँचाइ लगायतका जलस्रोत उपयोग सम्बन्धी आयोजना,

(च) करार खेती, पशुपक्षीपालन, फलफूल खेती, जडीबुटी खेती, एग्रो फरेस्ट्रि, खाद्यान्न प्रशोधन, चक्लाबन्दी सम्बन्धी आयोजना, र

(छ) माथि खण्डहरूमा उल्लेख भएका आयोजनाको अतिरिक्त प्रदेश सरकारले तोकेको पूर्वाधार संरचना लगायतका अन्य कुनै आयोजना।

(३) प्रदेश सरकारले तोकेको कुनै पूर्वाधार संरचना आयोजना वा अन्य कुनै आयोजना प्राधिकरणले प्रदेश सरकार र निजी क्षेत्रसँगको संयुक्त लगानीमा यस ऐन बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ।

(४) सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गरिने प्रदेश भित्रका गौरव र प्राथमिकताका आयोजनाको प्राधिकरणले प्राथमिकीकरण र छनौट गर्नेछ।

परिच्छेद-३

## <u>कार्यकारी परिषद्</u>

५. **<u>कार्यकारी परिषद्:</u>** (१) प्राधिकरणको सर्वोच्च निकायको रुपमा एक कार्यकारी परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) मन्त्री, आर्थिक मामिला तथा योजना -सदस्य

(ग) मुख्यमन्त्रीले तोकेको एक जना मन्त्री -सदस्य

(घ) आयोजनासँग सम्बन्धित मन्त्रालयका मन्त्री -सदस्य

(ङ) उपाध्यक्ष, नीति तथा योजना आयोग -सदस्य

(च) प्रमुख सचिव, प्रदेश सरकार -सदस्य

(छ) प्रदेश सरकारले नियुक्त गरेका आर्थिक क्षेत्रको एक तथा पूर्वाधार क्षेत्रका एक गरी दुई जना विज्ञ -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(ज) प्राधिकरणको कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) कार्यकारी परिषद्को बैठकमा आवश्यकता अनुसार प्रदेश सरकारका मन्त्री, पदाधिकारी, स्थानीय तहका कुनै पदाधिकारी, कर्मचारी, विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

६. **कार्यकारी परिषद्को बैठक सम्बन्धी व्यवस्थाः** (१) कार्यकारी परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) उपदफा (१) बमोजिमको बैठक एक आर्थिक बर्षमा कम्तीमा छ पटक बस्नेछ। दुई बैठकबीचको अन्तर दुई महिनाभन्दा बढी हुनेछैन।

(३) कार्यकारी परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(४) अध्यक्ष सहित बहुमत सदस्य उपस्थित भएमा कार्यकारी परिषद्को बैठकको लागि गण पूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) कार्यकारी परिषद्को बैठकको निर्णय बैठकमा उपस्थित सदस्यको दस्तखत गराई सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

(६) कार्यकारी परिषद्को बैठक विद्युतीय सञ्चार माध्यमबाट समेत गर्न सकिनेछ। सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) कार्यकारी परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

७. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारः** (१) कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक-निजी साझेदारी तथा निजी लगानीमा कार्यान्वयन गरिने आयोजना तथा लगानी सम्बन्धी नीति तर्जुमा गर्ने,

(ख) सम्भाव्य आयोजनाको अध्ययन तथा आयोजनाको सूची तयार गर्ने,

(ग) प्रदेशका गौरवका र प्राथमिकता प्राप्त आयोजनाका लागि लगानीको प्रक्षेपण गर्ने तथा लगानीको वातावरण निर्माण गर्ने,

(घ) आयोजना सञ्चालनका लागि वित्तीय स्रोत व्यवस्थापन तथा परिचालन गर्ने,

(ङ) प्रदेशका गौरवका र प्राथमिकता प्राप्त आयोजनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी आकर्षण गर्न लगानी सम्मेलन गर्ने,

(च) प्रदेशका गौरवका र प्राथमिकता प्राप्त आयोजनाको सार्वजनिक-निजी साझेदारी वा निजी क्षेत्रबाट कार्यान्वयन तथा सञ्चालनको मापदण्ड निर्माण गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(छ) प्रदेशका गौरवका र प्राथमिकता प्राप्त आयोजनामध्ये सार्वजनिक-निजी साझेदारी वा निजी क्षेत्रबाट कार्यान्वयन गर्न आयोजना छनौट गरी कार्यान्वयन गर्ने गराउने,

(ज) प्रतिस्पर्धात्मक रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका आयोजनाहरुको मूल्याङ्कन गरी आयोजना स्वीकृति, लगानी स्वीकृति तथा आवश्यकता अनुसार त्यस्ता आयोजनाका प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने,

(झ) विशेष प्राथमिकताका आयोजनाको रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका आयोजनाको वार्ता मार्फत आयोजना विकास, निर्माण तथा सञ्चालन गर्ने गरी सम्झौता गर्ने,

(ञ) आह्वान नगरिएका प्राधिकरणमा सोझै प्राप्त हुन आएका प्रस्तावहरू आवश्यकता अनुसार अध्ययन गरी सर्वेक्षण अनुमतिपत्र दिने, लगानी स्वीकृति तथा सहमति प्रदान गर्ने वा प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने,

(ट) प्रदेश सरकारले प्राधिकरणमार्फत् विकास गर्ने भनी तोकेका आयोजनाको कार्यान्वयन गर्ने,

(ठ) सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति तथा कार्यनीति स्वीकृत गर्ने,

(ड) आयोजना विकास सम्झौता (प्रोजेक्ट डेभेलपमेन्ट एग्रिमेन्ट) तथा आयोजना लगानी सम्झौता (प्रोजेक्ट इन्भेष्टमेन्ट एग्रिमेन्ट) लगायतका सहुलियत सम्झौता (कन्सेसन एग्रिमेन्ट) स्वीकृत गर्ने,

(ढ) प्राधिकरणले सञ्चालन गर्ने वा सम्झौता बमोजिमको आयोजनाको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन सूचक तयार गरी सोको आधारमा कार्यसम्पादन स्थितिको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ण) सम्झौता बमोजिमका आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि समस्याको पहिचान र समाधान गर्ने, सहकार्य गर्ने, समन्वय र सहजीकरण गर्ने,

(त) आयोजनाको निर्माण, कार्यान्वयन वा सञ्चालन गर्न नेपाल सरकार, स्थानीय तह, सहकारी, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकास साझेदारसँग आवश्यक साझेदारी र सहकार्य गर्ने,

(थ) आर्थिक वा गैर आर्थिक सुविधा उपलब्ध गराउन प्रदेश सरकारमार्फत् नेपाल सरकारलाई सिफारिस गर्ने,

(द) आयोजनाको लागि आवश्यक पर्ने हदबन्दी भन्दा बढीको जग्गा खरिद गर्न वा लिजमा उपलब्ध गराउन समन्वय र सहजीकरण गर्ने,

(ध) लगानीमैत्री वातावरण तयार गर्न सरकारी, सहकारी, निजी क्षेत्र तथा गैरसरकारी निकायसँग सहकार्य र समन्वय गर्ने,

(न) प्रदेशका गौरवका र प्राथमिकता प्राप्त आयोजनाका लागि आवश्यक विदेशी लगानी आकर्षण गर्नका लागि प्राधिकरणले उपयुक्त ठहऱ्याएको मुलुकसँग द्विपक्षीय लगानी सम्झौता र दोहोरो कर उन्मुक्ति लगायतका लगानी प्रवर्द्धन सम्बन्धी वार्ता गर्ने वा संयन्त्र स्थापित गर्ने वा गराउने सम्बन्धमा प्रदेश सरकारमार्फत् नेपाल सरकारलाई सिफारिस गर्ने,

(प) आयोजनाको प्रभावकारी व्यवस्थापनका लागि अध्ययन अनुसन्धान गर्ने गराउने,

(फ) सफलतापूर्वक आयोजना कार्यान्वयन गर्ने लगानीकर्ताहरूको सूची तयार गरी आवश्यकता अनुसार त्यस्ता लगानीकर्ताहरू वा पूर्व योग्यता निर्धारण भएका लगानीकर्ताहरूबीच नयाँ आयोजना कार्यान्वयन गर्न प्रतिस्पर्धा गराउने,

(ब) आयोजना कार्यान्वयनमा सहजीकरणका लागि प्रदेश सरकारको एकल विन्दु सेवा केन्द्रको रुपमा काम गर्ने,

(भ) लगानीकर्तालाई अनुमति वा इजाजत प्रदान गरे बापत वा आयोजना विकास गर्न प्राधिकरणले पुऱ्याएको सेवा तथा सहजीकरण बापत तोकिए बमोजिमको शुल्क वा दस्तुर लिने,

(म) प्राधिकरणको वार्षिक तथा आवधिक योजना, कार्ययोजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(य) प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

(२) कार्यकारी परिषद्ले प्राधिकरणको कार्य सञ्चालनलाई प्रभावकारी बनाउन आवश्यकताका आधारमा जिम्मेवारी र अधिकार तोकी विषयगत उपसमिति गठन गर्न सक्नेछ।

८. **प्राधिकरणको सङ्गठन संरचनाः** (१) प्राधिकरणको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(२) आयोजनाको लगानीको कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी सुझाव दिन कार्यकारी परिषद्ले कार्यादेश तथा कार्यावधि तोकी सम्बन्धित क्षेत्रका विशेषज्ञ रहेको समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(३) कार्यकारी परिषद्को स्वीकृति लिई कार्यकारी निर्देशकले निश्चित काम र अवधि तोकी विषय विज्ञलाई करारमा काममा लगाउन सक्नेछ।

(४) उपदफा (२) बमोजिमको समिति वा कार्यदलका सदस्यको सुविधा र उपदफा (३) बमोजिमका विषय विज्ञको पारिश्रमिक र सुविधा कार्यकारी परिषद्ले तोके बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

परिच्छेद-४

## विज्ञ सदस्य र कार्यकारी निर्देशक

९. **कार्यकारी परिषद्का विज्ञ सदस्य सम्बन्धी व्यवस्थाः** (१) दफा ५ को उपदफा (२) को खण्ड (छ) बमोजिमका सदस्य मध्ये आर्थिक क्षेत्रको विषय विज्ञको लागि अर्थशास्त्र वा वाणिज्यशास्त्र वा व्यवस्थापनमा र पूर्वाधार क्षेत्रको विषय विज्ञको लागि इन्जिनियरिङ्ग वा विकास सम्बन्धी विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट विद्यावारिधि गरेको र कम्तीमा पाँच वर्षको विषयगत अनुभव प्राप्त गरेको वा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको विषयगत अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

(२) विज्ञ सदस्य प्राधिकरणमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछन् र निजको पारिश्रमिक र अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१०. **कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः** (१) प्राधिकरणको दैनिक प्रशासन सञ्चालन तथा कार्य सम्पादन गर्न एक कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशकको पारिश्रमिक तथा अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(३) मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, वाणिज्यशास्त्र, इन्जिनियरिङ्ग, व्यवस्थापन वा विकास सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र आयोजना विकास, सार्वजनिक-निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैङ्किङ, वित्तीय क्षेत्र वा औद्योगिक व्यवस्थापनको क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको नेपाली नागरिक कार्यकारी निर्देशकको पदमा नियुक्त हुन योग्य मानिनेछ। मान्यताप्राप्त शिक्षण संस्थाबाट उल्लिखित विषयमा विद्यावारिधि गरेको भए कम्तीमा पाँच वर्षको विषयगत अनुभव प्राप्त गरेको नेपाली नागरिक कार्यकारी निर्देशकको पदमा नियुक्त हुन योग्य मानिनेछ।

११. **सिफारिस समिति सम्बन्धी व्यवस्था**: (१) विज्ञ सदस्य र कार्यकारी निर्देशकको नियुक्तिका लागि सिफारिस गर्न मुख्यमन्त्रीले तोकेको मन्त्रीको संयोजकत्वमा प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष र प्रमुख सचिव सदस्य रहने गरी प्रदेश सरकारले तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले कार्यविधि बनाई प्रतिस्पर्धाको आधारमा विज्ञ सदस्य र कार्यकारी निर्देशकको नियुक्तिका लागि एक पदमा दुई जना उम्मेदवारको नाम प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

१२. **विज्ञ सदस्य र कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी व्यवस्था**: (१) दफा ११ बमोजिम सिफारिस भएका व्यक्तिहरूमध्येबाट प्रदेश सरकारले विज्ञ सदस्य र कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म मुख्यमन्त्रीले विज्ञ सदस्यहरूमध्ये एक जना वा प्रदेश सचिवलाई कार्यकारी निर्देशकको रुपमा कार्य गर्ने गरी तोक्न सक्नेछ।

(३) विज्ञ सदस्य र कार्यकारी निर्देशकको पदावधि ४ (चार) वर्षको हुनेछ र निजहरूलाई कार्य सम्पादनको आधारमा प्रदेश सरकारले एक पदावधि थप गर्न सक्नेछ।

१३. **कार्य सम्पादन सम्झौता**: विज्ञ सदस्य र कार्यकारी निर्देशकले कार्यकारी परिषद्‌का अध्यक्षसँग कार्यविवरण, कार्य सम्पादन समयतालिका, कामको गुणस्तर, हासिल गर्नु पर्ने उपलब्धि र नतिजा तथा कार्यसम्पादन मूल्याङ्कनको आधार स्पष्ट रुपमा उल्लेख गरी कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ।

१४. **पद रिक्त हुने अवस्था:** (१) देहायको अवस्थामा विज्ञ सदस्य र कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(क) आफ्नो पदबाट प्राधिकरणमार्फत दिएको राजीनामा प्रदेश सरकारबाट स्वीकृत भएमा,

(ख) कार्यक्षमताको अभाव, खराब आचरण वा कार्यसम्पादन सम्झौताको आधारमा निजको कार्यसम्पादनको स्तर सन्तोषजनक नभई प्रदेश सरकारले हटाएमा,

(ग) पदावधि पूरा भएमा,

(घ) विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्रका लागि आवेदन दिएमा वा त्यस्तो अनुमति लिएमा,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री बितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय पाएमा,

(च) मृत्यु भएमा।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम हटाउनु अघि सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

१५. **संलग्न हुन नपाउने**: विज्ञ सदस्य र कार्यकारी निर्देशकको पदमा नियुक्ति भई पदावधि समाप्त भएको मितिले दुई वर्षसम्म आफू प्राधिकरणमा रहेको अवधिमा यस ऐन बमोजिम अनुमति पत्र दिई लगानी स्वीकृत भएका आयोजनामा संलग्न हुन पाउने छैनन्।

१६. **विज्ञ सदस्यको काम, कर्तव्य र अधिकार:** विज्ञ सदस्यको काम, कर्तव्य, जिम्मेवारी र अधिकार कार्यकारी परिषद्‌ले तोके बमोजिम हुनेछ।

१७. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको दीर्घकालीन सोचको मार्गचित्र, दीर्घकालीन योजना, नीति, आवधिक तथा वार्षिक योजना, वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यकारी परिषद् समक्ष पेश गर्ने,

(ख) आयोजना स्वीकृतिका लागि कार्यकारी परिषद् समक्ष पेश गर्ने,

भूमि व्यवस्था तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(ग) स्वीकृत आयोजना कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम आवश्यक पर्ने सहमति, स्वीकृति वा राइट अफ वे को लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(घ) आयोजना सम्पन्न गरी सक्नु पर्ने दिन यकिन गरी आयोजना कार्यान्वयन समयतालिका (प्रोजेक्ट इम्प्लिमेन्टेसन टाइम सेड्युल) तयार गरी स्वीकृतिका लागि कार्यकारी परिषद् समक्ष पेश गर्ने,

(ङ) कार्यकारी परिषद्बाट भएका निर्णय र आदेशको कार्यान्वयन गर्ने, गराउने,

(च) आयोजना कार्यान्वयनको अनुगमन, समीक्षा र मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यकारी परिषद् समक्ष प्रस्तुत गर्ने,

(छ) आयोजना विकास तथा कार्यान्वयनका लागि स्रोत जुटाउन निजी क्षेत्रलाई उत्प्रेरित गर्ने,

(ज) प्रदेशको विकास आयोजना तथा कार्यक्रम सम्बन्धी अध्ययन, अनुसन्धान गरी सूचना स्रोत तथा अभिलेख केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(झ) प्राधिकरणको सङ्गठन र व्यवस्थापनका सुधार तथा क्षमता विकास सम्बन्धी कार्यको योजना बनाई कार्यकारी परिषद् समक्ष पेश गर्ने,

(ञ) प्राधिकरणको कार्य सञ्चालनलाई प्रभावकारी बनाउन विभिन्न संस्था, विशेषज्ञ तथा विज्ञ परिचालन गर्ने,

(ट) प्राधिकरणमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारीको रुपमा काम गर्ने,

(ठ) कार्यकारी परिषद्ले तोकेका अन्य काम गर्ने।

## परिच्छेद-५

## सार्वजनिक-निजी साझेदारी

१८. **आयोजना कार्यान्वयन गर्न सकिने:** (१) दफा ४ को उपदफा (२) बमोजिमका कुनै आयोजना सार्वजनिक-निजी साझेदारीबाट कार्यान्वयन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक-निजी साझेदारीबाट आयोजना कार्यान्वयन गर्दा देहायको कुनै तरिका अपनाउन सकिनेछः-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) व्यवस्थापन, सञ्चालन तथा हस्तान्तरण,

(झ) पुनर्स्थापना, सञ्चालन तथा हस्तान्तरण, वा

<u>**स्पष्टीकरणः**</u> यस खण्डको प्रयोजनको लागि "पुनर्स्थापना" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निमाण गरी पुनर्स्थापना गर्ने कार्य सम्झनु पर्छ।

(ञ) यस्तै अन्य कुनै तरिका।

(३) उपदफा (२) बमोजिम आयोजना कार्यान्वयन गर्दा कुनै आयोजनाको निर्माण, सञ्चालन, पुनर्स्थापना, मर्मत तथा विस्तारमध्ये कुनै एक वा एकभन्दा बढी चरणमा आयोजना कार्यान्वयन गर्न सकिनेछ।

१९. <u>**प्राथमिकता निर्धारणः**</u> सार्वजनिक-निजी साझेदारीबाट कार्यान्वयन गरिने आयोजनाको प्राथमिकताका क्षेत्र प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

२०. <u>**आयोजना पहिचानः**</u> (१) प्राधिकरणले सार्वजनिक-निजी साझेदारीबाट कार्यान्वयन गर्न सकिने आयोजना पहिचान गरी सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा आयोजनाको सर्वेक्षण लगायतको अध्ययन भए वा नभएको, प्राविधिक तथा वित्तीय दृष्टिकोणबाट सम्भाव्य भए वा नभएको तथा तोकिए बमोजिमका अन्य विवरण समेतका आधारमा प्राधिकरणले प्राथमिकता निर्धारण गर्नु पर्नेछ।

२१. <u>**आयोजना स्वीकृत गराउनु पर्नेः**</u> (१) दफा २० बमोजिम पहिचान गरी सूचीकृत गरिएका आयोजनाहरु कार्यान्वयन गर्न प्राधिकरणबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना स्वीकृत गराउँदा सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने भए दफा १८ मा उल्लिखित तरिका मध्ये कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सोको व्यहोरा उल्लेख गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम आयोजना स्वीकृत भएपछि प्राधिकरणले स्वीकृत आयोजनाको सूची प्रकाशन गर्नु पर्नेछ।

२२. <u>**आशयपत्र आह्वान गर्नेः**</u> (१) दफा २१ बमोजिम स्वीकृत आयोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयनका लागि प्राधिकरणले सार्वजनिक सूचना प्रकाशन गरी आशयपत्रका लागि आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) आशयपत्र पेश गर्ने अवधि,

(ख) आशयपत्रमा खुलाउनु पर्ने विवरण,

(ग) आशयपत्रका साथ संलग्न गर्नु पर्ने कागजातहरू,

(घ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता, र

(ङ) तोकिए बमोजिमका अन्य विवरण।

२३. <u>**आशयपत्र पेश गर्नेः**</u> आयोजनाको अध्ययन-अनुमति प्राप्त गर्न, सर्वेक्षण गर्न वा कार्यान्वयन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमका शर्तका अधीनमा रही दफा २२ बमोजिमको सूचनामा उल्लिखित अवधिभित्र प्राधिकरणमा आशयपत्र पेश गर्नु पर्नेछ।

२४. **संक्षिप्त सूची तयार गर्ने:** दफा २३ बमोजिम आशयपत्र प्राप्त भएपछि प्राधिकरणले तोकिए बमोजिमका आधारमा मूल्याङ्कन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरूको संक्षिप्त सूची तयार गर्नु पर्नेछ।

२५. **प्रस्ताव आह्वान गर्ने:** (१) दफा २४ बमोजिम संक्षिप्त सूची तयार गरेपछि प्राधिकरणले सार्वजनिक सूचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरूसँग तोकिए बमोजिमका विषयहरु खुलाई प्रस्ताव आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने प्रस्तावकले तोकिए बमोजिमका विवरणहरू खुलाई सूचनामा उल्लिखित अवधिभित्र प्राधिकरणमा प्रस्ताव पेश गर्नु पर्नेछ।

२६. **प्रस्ताव छनौट गर्ने:** (१) दफा २५ को उपदफा (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि प्राधिकरणले विषयविज्ञ सम्मिलित मूल्याङ्कन समिति गठन गरी तोकिएको अवधिभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नु पर्नेछः-

(क) तोकिएको समयमा निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ख) आयोजना कार्यान्वयन कार्य तालिका,

(ग) रोयल्टी रकम बुझाउनु पर्ने भए सो को प्रस्ताव, र

(घ) आयोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महसुल लगायतका विषय समेटिएको आर्थिक प्रस्ताव।

(२) यस दफा बमोजिम प्रस्ताव छनौट गरेपछि प्राधिकरणले त्यसको जानकारी तोकिएको अवधिभित्र प्रस्तावकलाई दिनु पर्नेछ।

(३) यस दफा बमोजिमको प्रस्ताव छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **आह्वान नगरिएको प्रस्ताव:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आह्वान नगरिएको प्रस्तावका रुपमा प्रस्तावक स्वंयले सार्वजनिक-निजी साझेदारीको माध्यमबाट आयोजना कार्यान्वयन गर्नको लागि प्राधिकरण समक्ष तोकिएको दस्तुर सहित तोकिएको आधार र ढाँचामा प्रस्ताव पेश गर्न सक्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "आह्वान नगरिएको प्रस्ताव" भन्नाले प्राधिकरणले सार्वजनिक सूचना जारी नगरेको अवस्थामा लगानीकर्ता स्वंयले कुनै आयोजना विकास गर्ने उद्देश्यले आशय प्रकट गरी पेश गरेको प्रस्ताव सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा देहायका विषयहरू उल्लेख गर्नु पर्नेछः-

(क) आयोजनाको विवरण,

(ख) प्रस्तावकको प्राविधिक तथा वित्तीय क्षमता सहितको विवरण (प्रोफाइल),

(ग) आयोजनाको पूर्व सम्भाव्यता वा सम्भाव्यता अध्ययन प्रतिवेदन वा विस्तृत आयोजना प्रतिवेदन भए त्यस्तो प्रतिवेदन,

(घ) व्यावसायिक योजना,

(ङ) आयोजनामा प्रयोग हुने प्रविधि,

(च) आयोजना कार्यान्वयन कार्यतालिका, र

(छ) आयोजनाबाट प्राप्त हुने सम्भावित लाभको प्रक्षेपण र सोको आधार।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव दफा २६ को उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिको सिफारिसको आधारमा सो आयोजनाको अध्ययन तथा सर्वेक्षण अनुमति वा आयोजना विकास वा सञ्चालनको लागि तोकिए बमोजिम इजाजतपत्र प्रदान गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको आयोजना प्रस्तावलाई मूल्याङ्कन गर्दा सार्वजनिक-निजी साझेदारीमा निर्माण हुने आयोजना प्रतिस्पर्धाको आधारमा अगाडि बढाउँदा लाभदायी हुने देखिएमा सोही प्रस्तावलाई "स्वीस च्यालेन्ज विधि" का आधारमा प्राधिकरणले तोकेको प्रक्रिया बमोजिम प्रतिस्पर्धा गराउन सक्नेछ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनको लागि "स्वीस च्यालेन्ज विधि" भन्नाले प्राधिकरणले कुनै सेवा क्षेत्र वा सडक, रेल जस्ता सार्वजनिक आयोजनाका लागि आह्वान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्तावभन्दा राम्रो प्रस्ताव प्राप्त हुन सक्ने सम्भावनाको उपयोग गर्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा प्रक्रियाबाट तेस्रो पक्षलाई समेत आह्वान गरी वा सार्वजनिक गरी मूल्याङ्कन गरिने विधि सम्झनु पर्छ।

(५) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव उपर वार्ता गर्दा प्रस्तावक बाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएमा स्वीकृत भएको प्रस्तावकर्ताबाट उपदफा (१) बमोजिमको प्रस्तावकलाई तोकिए बमोजिमको आयोजना विकासको क्रममा भएको प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा प्राधिकरणको कुनै खर्च भएको अवस्थामा सो समेत शोधभर्ना तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ।

(६) उपदफा (५) बमोजिमको खर्चको निर्धारण स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराइनेछ।

२८. **<u>वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न सकिने:</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुईपटक आशयपत्र वा प्रस्ताव आह्वान गर्दा पनि छनौट हुन नसकेको अवस्थामा त्यस्तो आयोजना प्राधिकरणले सोझै वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कारणले कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिब हुने देखिएमा त्यस्तो आयोजना प्राधिकरणले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछः-

(क) आयोजनाको प्रकृति वा लागतको कारण आर्थिक तथा प्राविधिक रुपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको आयोजना,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको आयोजना,

(ग) प्रदेशको प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी छनौट गरिएको आयोजना,

(घ) यस ऐन बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको आयोजना।

(३) उपदफा (१) बमोजिमको कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरु खुलाई प्राधिकरण समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावकलाई तोकिए बमोजिम विस्तृत मूल्याङ्कन गरी प्राधिकरणले वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ।

२९. **वार्ताद्वारा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न चाहने व्यक्तिले सोको अनुमतिको लागि प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्ने अनुमति दिन मनासिब देखिएमा प्राधिकरणले निवेदकसँग वार्ता गरी त्यस्तो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति स्वयंले बेहोर्नु पर्नेछ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै आयोजनाको कार्यान्वयन गर्नको लागि प्रतिस्पर्धा गराइएको अवस्थामा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो आयोजनाको कार्यान्वियनको लागि छनौट भएको प्रस्तावकले बेहोर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बेहोरिने रकमको निर्धारण स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराइनेछ।

(६) यस दफा बमोजिम आयोजनाका सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनको आधारमा त्यस्तो आयोजना यस ऐन बमोजिम कार्यान्वयन गरिनेछ।

३०. **अनुमतिपत्र दिनु पर्नेः** (१) दफा २६, २७ र २८ बमोजिम प्रस्ताव छनौट वा स्वीकृति गरेपछि कार्यकारी परिषद्ले प्रस्तावकलाई तोकिए बमोजिमका शर्त तथा ढाँचामा समझदारी गरी आयोजनाको अध्ययन वा सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समझदारी गर्दा समयभित्र नै कार्य सम्पन्न गर्ने प्रयोजनका लागि तोकिए बमोजिमको परफर्मेन्स बण्ड लिनु पर्नेछ।

## परिच्छेद-६

## निजी लगानी सम्बन्धी व्यवस्था

३१. **निजी लगानीः** (१) निजी क्षेत्रबाट निर्माण, सञ्चालन र व्यवस्थापन हुने प्रकृतिको प्रदेश सरकारले तोकेको निजी लगानीका आयोजनाको सर्वेक्षण, सहजीकरण तथा लगानीको स्वीकृति प्राधिकरणबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमको निजी लगानी हुने आयोजनामा लगानीकर्ताको स्वामित्व सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको निजी लगानी हुने आयोजनाहरूको लागि तोकिए बमोजिमका आधारमा प्रस्तावको मूल्याङ्कन गरी अनुमतिपत्र प्रदान गरिनेछ।

३२. **आयोजना पहिचानः** (१) निजी लगानी कार्यान्वयन गर्न सकिने प्रदेश सरकारले तोकेका आयोजनाहरू आवश्यकता अनुसार प्राधिकरणले सम्बन्धित निकाय, निजी क्षेत्र तथा अन्य निकायसँगको समन्वय तथा सहकार्यमा आयोजनाको सूची तयार गरी स्वीकृतिका लागि कार्यकारी परिषद् समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचीमा नपरेका आयोजनासँग सम्बन्धित प्रस्ताव स्वीकृतिका लागि कार्यकारी परिषद् समक्ष पेश गर्न कुनै बाधा पुगेको मानिने छैन।

३३. **आयोजना स्वीकृत गराउनु पर्ने:** दफा ३२ बमोजिम प्राधिकरणले पहिचान गरी सिफारिस गरेको आयोजना कार्यान्वयनका लागि कार्यकारी परिषद्बाट स्वीकृत गराउनु पर्नेछ।

३४. **समझदारी गरी अनुमतिपत्र प्रदान गर्ने:** दफा ३३ बमोजिम प्रस्ताव स्वीकृत भएमा कार्यान्वयनका लागि तोकिए बमोजिमका शर्त र ढाँचामा समझदारी गरी प्राधिकरणले आयोजनाको अध्ययन वा सर्वेक्षण अनुमतिपत्र प्रदान गर्नेछ।

३५. **संयुक्त लगानीमा आयोजना कार्यान्वयन गर्न सकिने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले तोकेको सार्वजनिक-निजी साझेदारी वा निजी लगानीको कुनै आयोजना वा नेपाल सरकार वा अन्तर्गतका निकायबाट अनुमति प्राप्त कुनै आयोजना प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा तोकिए बमोजिम कार्यान्वयन गर्न सकिनेछ।

(२) प्रदेश सरकारले आफूले कुनै आयोजनामा गरेको लगानीको हिस्सा बिक्री गर्न तथा संयुक्त लगानीको वा अन्य कुनै आयोजनाको शेयर खरिद गर्न चाहेमा प्रचलित मूल्य कायम गरी तोकिए बमोजिम खरिद तथा बिक्री गर्न सक्नेछ।

परिच्छेद-७

## सम्झौता सम्बन्धी व्यवस्था

३६. **आयोजनाको विवरण पेश गर्नु पर्ने:** (१) दफा ३० बमोजिम सार्वजनिक-निजी साझेदारीमा, दफा ३४ बमोजिम निजी लगानीमा आयोजना कार्यान्वयन गर्न सकिने समझदारी गरेकोमा त्यस्तो समझदारीपत्रमा उल्लिखित समयावधिभित्र प्रस्तावकले आयोजना कार्यान्वयन गर्न तोकिए बमोजिमका विवरणहरू प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा त्यसको आधार र कारण उल्लेख गरी अवधि थपका लागि प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा प्राधिकरणले त्यस्तो विवरण पेश गर्न थप समय दिन सक्नेछ।

३७. **सम्झौता गर्नु पर्ने:** (१) दफा ३० र ३४ बमोजिम भएको समझदारीपत्र तथा दफा ३६ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौताका शर्त लगायतका विषयमा वार्ता गर्न प्राधिकरणले सम्बन्धित विषय विज्ञ समेतको वार्ता समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित वार्ता समितिले प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौतामा देहायका कुराहरू खुलाई सम्झौताको अन्तिम मस्यौदा तयार गर्नेछः-

(क) आयोजनाको विवरण,

(ख) आयोजना शुरू र सम्पन्न गर्ने मिति,

(ग) आयोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) आयोजना कार्यान्वयनको चरणबद्ध विवरण र कार्यान्वयन कार्य तालिका,

(च) आयोजनाको प्राविधिक गुणस्तर तथा मापदण्ड,

(छ) आयोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) आयोजना मर्मत सम्भार सम्बन्धी विवरण,

(झ) आयोजना सञ्चालन वा हस्तान्तरणको शर्त,

(ञ) आयोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क तथा महसुल सम्बन्धी व्यवस्था,

(ट) आयोजनाको बिमा सम्बन्धी व्यवस्था,

(ठ) आयोजनामा जडित मेशिन तथा आयोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ड) सम्बन्धित निकायलाई बुझाउनु पर्ने शुल्क तथा रोयल्टी र भुक्तानी विधि,

(ढ) आयोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) आयोजनामा सम्बन्धित निकायको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो बापत सम्बन्धित निकायले प्राप्त गर्ने प्रतिफल,

(त) जग्गा प्राप्ति सम्बन्धी व्यवस्था,

(थ) थप आयोजना अध्ययन तथा सञ्चालन गर्न दिने भए सो सम्बन्धी व्यवस्था,

(द) सव-लिज गर्न सक्ने भए सो सम्बन्धी शर्त तथा अन्य व्यवस्था,

(ध) आयोजना हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(न) अन्य आवश्यक विषयहरू।

(३) उपदफा (२) बमोजिम सम्झौताको लागि सहमति भएको दस्तावेजलाई प्राधिकरणले स्वीकृत गरी प्रस्तावकसँग सम्झौता गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको वार्ता समितिको कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

३८. **आयोजनाको कार्यान्वयन अनुमतिपत्रः** (१) दफा ३७ बमोजिमको सम्झौता सम्पन्न भएपछि कार्यकारी परिषद्ले तोकिए बमोजिम आयोजना कार्यान्वयन अनुमतिपत्र उपलब्ध गराउनेछ।

(२) आयोजना कार्यान्वयनको अनुमतिपत्रको अवधि तीस वर्षमा नबढाई सम्झौतामा लेखिए बमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रको अवधि बढाउन कारण सहित निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिब देखिएमा कार्यकारी परिषद्ले बढीमा पाँच वर्षसम्म अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ।

३९. **सम्झौताको कार्यान्वयनः** (१) दफा ३७ बमोजिम सम्पन्न भएको सम्झौता कार्यान्वयनको लागि सम्झौताको शर्त बमोजिम पूरा गर्नु पर्ने इजाजतपत्र तथा स्वीकृति प्राप्त गर्ने लगायतका सम्पूर्ण दायित्व लगानीकर्तालै बहन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता कार्यान्वयन गर्दा सरोकारवाला निकायहरूसँग प्राधिकरणले आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्ने गराउनेछ र त्यस्तो सम्झौतामा उल्लिखित शर्त पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

(३) यस दफा बमोजिम सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा प्रस्तावकले सम्झौताका शर्तको अधीनमा रही व्यावसायिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नु पर्नेछ।

४०. **सम्झौता रद्द गर्न सक्नेः** (१) दफा ३७ बमोजिम गरिएको सम्झौतामा उल्लिखित शर्तहरूको पालना नगरेको अवस्थामा वा तोकिएको समयमा कार्यसम्पादन नगरेमा लगानीकर्तालाई यस ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र कार्यकारी परिषद्ले खारेज गर्न सक्नेछ।

तर यसरी अनुमतिपत्र खारेज गर्नु अघि लगानीकर्तालाई स्पष्टीकरण पेश गर्ने मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज भएमा प्रस्तावकले सम्झौतामा उल्लेख भएको अवस्थामा बाहेक सम्बन्धित निकायसँग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन।

(४) उपदफा (१) बमोजिम लगानीकर्तासँग भएको सम्झौता खारेज गर्दा सो सम्झौतामा उल्लेख गरिएको प्रक्रिया पूरा गर्नु पर्नेछ।

४१. **रीत पुगेको मानिनेः** यस ऐन बमोजिम प्राधिकरणबाट आयोजना स्वीकृत भई जारी भएको अनुमतिपत्र तथा सम्बन्धित निकायसँग भएको समझदारी वा सम्झौता प्रचलित कानून बमोजिम रीत पुगेको मानिनेछ।

४२. **कम्पनी स्थापना गर्न सक्नेः** (१) प्राधिकरणले देहायको प्रयोजनको लागि कम्पनी स्थापना गर्न सक्नेछः-

(क) प्रदेश सरकार वा प्राधिकरणले तोकेका प्राधिकरणको क्षेत्राधिकारभित्रका आयोजनाको विकास तथा सञ्चालन गर्ने,

(ख) कुनै विषयको अध्ययन वा अनुसन्धान गर्ने वा परामर्श सेवा उपलब्ध गराउने, वा

(ग) प्रदेश सरकार वा कार्यकारी परिषद्ले तोकेका अन्य काम गर्ने।

(२) उपदफा (१) बमोजिम कम्पनीको स्थापना, शेयर लगानी, सञ्चालन र व्यवस्थापन लगायतका अन्य विषय तोकिए बमोजिम हुनेछ।

परिच्छेद-८

## सुविधा तथा प्रोत्साहन सम्बन्धी व्यवस्था

४३. **कानून बमोजिम सुविधा पाउनेः** यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीका आयोजनाले यस ऐन बमोजिमको सुविधा र सहुलियतका अतिरिक्त प्रचलित कानून बमोजिम उद्योग वा कम्पनीले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट समेत प्राप्त गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

४४. **प्राधिकरणले थप सुविधा उपलब्ध गराउन सिफारिस गर्न सक्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त प्राधिकरणले थप आर्थिक सुविधा दिन प्रदेश सरकारमार्फत् नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(२) कुनै अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन बमोजिम प्राप्त सुविधाको दुरूपयोग गरेमा त्यस्तो सुविधा प्राधिकरणले रद्द गरी त्यस्तो सुविधा बराबरको रकम र सो मा शतप्रतिशत जरिवाना असुल उपर गर्नेछ।

(३) उपदफा (२) बमोजिम सुविधा रद्द गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

४५. **सम्भाव्यता न्यून परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) को व्यवस्थाः** (१) प्रदेश सरकारले दीर्घकालीन रुपमा सकारात्मक प्रतिफल दिने तथा पूर्वाधार संरचनाको दृष्टिकोणले महत्त्वपूर्ण देखिएको तथा वित्तीय रुपमा तत्काल मनासिब प्रतिफल दिन नसक्ने आयोजनाको निर्माण, सञ्चालन तथा विस्तारको लागि एक सम्भाव्यता न्यून परिपूरक (भायविलिटी ग्याप) कोष स्थापना गर्नेछ।

(२) प्रदेश सरकारले मापदण्ड बनाई उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिमका आयोजनाको लागि प्राधिकरणको सिफारिसमा आवश्यक रकम पुँजीगत तथा सञ्चालन अनुदान वा ऋण उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा प्रदेश सरकारले समय समयमा आवश्यक रकम विनियोजन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. **थप सुविधा उपलब्ध गराउन सक्नेः** कुनै लगानीकर्ताले आयोजना विकास तथा सञ्चालन गर्दा सम्झौतामा उल्लेख भएको समयसीमा अगावै निर्माण कार्य सम्पन्न गरेमा वा अत्याधुनिक प्रविधिको प्रयोग गरी प्रदेश सरकारलाई थप लाभ हुने देखिएमा त्यस्तो लगानीकर्तालाई प्राधिकरणको सिफारिसमा प्रदेश सरकारले तोकिए बमोजिम थप आर्थिक तथा गैर आर्थिक प्रोत्साहन प्रदान गर्न सक्नेछ।

४७. **लगानीको सुरक्षा र संरक्षणः** (१) यस ऐन अन्तर्गत अनुमतिपत्र प्राप्त आयोजनालाई अनुमतिपत्रको अवधिभर राष्ट्रियकरण गरिने छैन र लगानीको सुरक्षा तथा संरक्षण प्रदेश सरकारले गर्नेछ।

(२) यस ऐन अन्तर्गत अनुमतिपत्र प्राप्त आयोजनालाई सार्वजनिक प्रयोजनका लागि बाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अधिग्रहण गरिने छैन। सार्वजनिक प्रयोजनको लागि अधिग्रहण गर्नु पर्दा प्रचलित कानून बमोजिमको उचित प्रक्रिया पूरा गर्नु पर्नेछ।

(३) यस ऐन बमोजिम जारी भएको अनुमतिपत्र वा सम्झौताका शर्तहरू उपर अनुमतिपत्र बहाल रहेको अवधिभर प्रतिकूल हुने गरी कुनै कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था भएमा त्यस्तो व्यवस्थाबाट लगानीकर्ताले बेहोर्नु पर्ने गरी थप आर्थिक दायित्व परेमा त्यस्तो दायित्व मूल्याङ्कनका आधारमा प्रदेश सरकारले बेहोर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश

(४) आयोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा, ब्याज, लाभांश, रोयल्टी लगायतका रकम भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम सटही सुविधा उपलब्ध गराउन प्राधिकरणले प्रदेश सरकारमार्फत् नेपाल सरकारमा सिफारिस गर्नेछ।

(५) यस ऐन अन्तर्गत कार्यान्वयन भएको आयोजनालाई अन्य स्वदेशी उद्योग सरहको समान व्यवहार गरिनेछ।

## परिच्छेद-९

## आयोजना कार्यान्वयन

४८. **जग्गा प्राप्तिः** (१) आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने जग्गा अनुमतिपत्र प्राप्त व्यक्ति आफैंले व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले जग्गा प्राप्तिको लागि प्राधिकरणसमक्ष अनुरोध गरेमा प्राधिकरणले त्यस्तो जग्गा प्रचलित कानून बमोजिम प्राप्त गर्न आवश्यक सहजीकरण गर्नेछ।

(३) उपदफा (२) बमोजिम जग्गा प्राप्त गर्दा जग्गा धनीलाई दिनु पर्ने प्रचलित कानून बमोजिमको मुआब्जा तथा क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले बेहोर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आयोजना कार्यान्वयनको लागि आवश्यक भएमा प्राधिकरणले प्रदेश सरकारमार्फत नेपाल सरकारको स्वीकृति लिई त्यस्तो जग्गा लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ।

(५) उपदफा (३) बमोजिम प्रदेश सरकारले कुनै आयोजनाको लागि जग्गा प्राप्त गरिदिएकोमा त्यस्तो जग्गाको मुआब्जा वितरण गर्ने प्रयोजनको लागि प्रदेश सरकारले प्राधिकरणमा नै रहने गरी जग्गा प्राप्ति कोष खडा गरी सो कोषमार्फत् जग्गाको मुआब्जा वितरण गर्न वा गराउन सक्नेछ। जग्गा प्राप्ति कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(६) उपदफा (५) बमोजिमको कोषबाट वितरण भएको मुआब्जा बापतको रकम सम्झौतामा उल्लेख भए बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले प्रदेश सरकारलाई शोधभर्ना गर्नु पर्नेछ।

४९. **विष्फोटक पदार्थको प्रयोगः** आयोजनाको कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा प्रचलित कानून बमोजिम त्यस्तो विष्फोटक पदार्थ प्रयोग गर्न प्राधिकरणले प्रदेश सरकार मार्फत नेपाल सरकारलाई अनुमतिपत्र दिन अनुरोध गर्नेछ।

५०. **आयोजनाको सुरक्षाः** अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजनाको सुरक्षाको लागि प्राधिकरणसँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले बेहोर्ने गरी त्यस्तो आयोजनाको सुरक्षाको व्यवस्था प्राधिकरणको सिफारिसमा प्रदेश सरकारले गर्नेछ।

५१. **सहयोग उपलब्ध गराउनु पर्ने:** (१) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा सरकारी निकायले अनुमतिपत्र प्राप्त व्यक्तिलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिखित अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ।

(२) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी प्राधिकरण आफैले त्यस्तो सहयोग उपलब्ध गराउन वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सम्बन्धित निकायलाई त्यस्तो सहयोग उपलब्ध गराउन प्रदेश सरकार मार्फत लेखी पठाउनेछ।

५२. **प्राधिकरणले लेखी पठाउने:** (१) यस ऐन बमोजिम स्वीकृत आयोजना कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम आवश्यक पर्ने सहमति वा स्वीकृतिको लागि निवेदन परेकोमा प्रचलित कानूनले तोकेको अवधिभित्र सम्बन्धित निकायले त्यस्तो सहमति वा स्वीकृति नदिएमा सो कुरा खुलाई सम्बन्धित व्यक्तिले प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन मनासिब देखिएमा प्राधिकरणले अवधि तोकी प्रचलित कानून बमोजिमको सहमति वा स्वीकृति प्रदान गर्न सम्बन्धित निकाय वा पदाधिकारीलाई लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा सो अवधिभित्र सम्बन्धित निकाय वा पदाधिकारीले प्रचलित कानून बमोजिमको सहमति वा स्वीकृति प्रदान गरी सोको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।

५३. **प्रवेशाज्ञा सम्बन्धी व्यवस्था:** (१) यस ऐन बमोजिम अनुमति प्राप्त आयोजनाको अध्ययन, अनुसन्धान वा सर्वेक्षण गर्न आउने विदेशी नागरिकलाई छ महिनासम्मको गैर पर्यटक प्रवेशाज्ञा उपलब्ध गराउन प्राधिकरणले प्रदेश सरकारमार्फत नेपाल सरकारलाई अनुरोध गर्नेछ।

(२) आयोजनामा लगानी गर्ने विदेशी लगानीकर्ता वा एकजना अधिकृत प्रतिनिधि वा त्यस्तो लगानीकर्ता वा प्रतिनिधिका परिवारका सदस्य तथा प्रचलित कानून बमोजिम श्रम ईजाजत प्राप्त गरी त्यस्तो आयोजनामा काम गर्ने विदेशी कामदार तथा कर्मचारीलाई प्रचलित कानून अनुसार आयोजनामा विदेशी लगानी कायम रहेसम्म नेपालमा बस्न प्रवेशाज्ञा उपलब्ध गराउन प्राधिकरणले प्रदेश सरकारमार्फत नेपाल सरकारलाई अनुरोध गर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि "परिवारका सदस्य" भन्नाले विदेशी लगानीकर्ता वा निजको आधिकारिक प्रतिनिधिको पति वा पत्नी, आमा, बाबु र आश्रित छोरा, छोरी सम्झनु पर्छ।

५४. **सेवा सुविधाका शर्त तोक्न सक्ने:** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन, प्राधिकरणले गरेका निर्णय, प्रचलित कानून तथा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त अनुसारको सेवा सुविधा मात्र उपभोक्ताले उपभोग गर्न पाउनेछ।

५५. **रोयल्टी बुझाउनु पर्ने:** अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित शर्त अनुसार प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

५६. **आयोजना हस्तान्तरण गर्नु पर्ने:** (१) सार्वजनिक-निजी साझेदारीबाट कार्यान्वयन भएका आयोजना सम्झौतामा उल्लेख भए बमोजिम प्रदेश सरकारलाई हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना हस्तान्तरण हुँदा त्यस्तो आयोजनामा जडित मेशिन, उपकरण, संरचना तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरु सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनु पर्नेछ।

(३) आयोजना हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५७. **स्वामित्व हुने:** यस ऐन बमोजिम हस्तान्तरण भएको आयोजना र त्यस्तो आयोजनामा जडित मेशिन, उपकरण र अन्य संरचना तथा आयोजनासँग सम्बन्धित भवन, घर तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरुको स्वामित्व प्रदेश सरकारको हुनेछ।

## परिच्छेद-१०

## प्राधिकरणको कोष

५८. **प्राधिकरणको कोष:** (१) प्राधिकरणको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन्:—

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) प्राधिकरणले सञ्चालन गर्ने विकास आयोजना तथा कार्यक्रमका लागि प्रदेश सरकारले विनियोजन गरेको रकम,

(ग) नेपाल सरकार वा स्थानीय तहसँगको सहकार्य र साझेदारीमा प्राधिकरणले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमका लागि प्राप्त हुने रकम,

(घ) स्वदेशी निजी वा व्यावसायिक सङ्घ संस्थासँगको सहकार्य र साझेदारीमा प्राधिकरणले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमका लागि प्राप्त हुने रकम,

(ङ) प्राधिकरणले सञ्चालन गर्ने विकास आयोजना तथा कार्यक्रमका लागि कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थासँग भएको सम्झौता बमोजिम प्राप्त हुने रकम,

(च) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त सहयोग, अनुदान रकम,

(छ) राष्ट्रिय सङ्गठन तथा गैर नाफामूलक संस्थाबाट समेत प्राप्त रकम,

(ज) प्राधिकरणले सञ्चालन गर्ने विकास आयोजना तथा कार्यक्रमका लागि नागरिक सहयोग र सहभागिताबाट जम्मा हुन आउने रकम,

(झ) यस ऐन बमोजिम लगानीकर्ताहरुबाट प्राप्त दस्तुर र सेवा शुल्क बापत प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमको रकम प्राप्त गर्नु अघि प्राधिकरणले प्रदेश सरकारमार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(४) प्राधिकरणको कार्य सञ्चालनको लागि पुँजीगत र प्रशासनिक खर्चको रकम कार्यकारी परिषद्ले स्वीकृत गरेको बार्षिक कार्यक्रम र बजेटको आधारमा उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) प्राधिकरणको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५९. **<u>लेखा र लेखापरीक्षणः</u>** (१) प्राधिकरणको आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको ढाँचामा राख्नु पर्नेछ ।

(२) प्राधिकरणको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

(३) प्राधिकरणले वार्षिक रुपमा आफ्नो वित्तीय विवरण सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद ११

## विविध

६०. **अनुदान तथा ऋण सहायता स्वीकार गर्नेः** प्राधिकरणले निर्धारण गरेका आयोजना र प्रादेशिक प्राथमिकता प्राप्त आयोजनाको विकास तथा कार्यान्वयनका लागि प्रदेश सरकारमार्फत नेपाल सरकारको स्वीकृति तथा प्रदेश सरकारको समन्वयमा तोकिए बमोजिम अनुदान तथा ऋण सहायता स्वीकार गर्न सक्नेछ।

६१. **आयोजनाको अनुगमन गर्न सक्नेः** (१) प्राधिकरणले यस ऐन बमोजिम सञ्चालित आयोजना कार्यान्वयनको अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना अनुगमन गर्ने सिलसिलामा प्राधिकरणले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

६२. **कारबाही गर्न सक्नेः** कुनै लगानीकर्ताले यस ऐनको व्यवस्थाको पालना नगरेमा प्राधिकरणले तोकिएको प्रक्रिया पूरा गरी देहायको कुनै वा सबै कारबाही गर्न सक्नेछः-

(क) निर्माण रोक्का गर्ने,

(ख) अनुमतिपत्र वा इजाजत पत्र रद्द गर्ने, वा

(ग) अन्य कुनै मनासिब कारबाही।

तर यसरी कारबाही गर्नु अघि सफाइको मनासिब मौका दिनुपर्नेछ।

६३. **क्षतिपूर्ति दिनु पर्नेः** (१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको रकम हानि नोक्सानी गर्ने पक्षले नोक्सानी पर्ने पक्षलाई क्षतिपूर्ति बापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि क्षतिको मूल्याङ्कन स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गरिनेछ।

(३) क्षतिको मूल्याङ्कन तथा क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६४. **विवाद समाधानः** (१) विदेशी लगानीका सम्बन्धमा स्वदेशी र विदेशी लगानीकर्ता तथा प्रदेश सरकार र विदेशी लगानीकर्ता बीच कुनै विवाद उत्पन्न भएमा त्यस्ता लगानीकर्ताले आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विवाद उत्पन्न भएको पैंतालीस दिनभित्र त्यस्तो विवादको समाधान हुन नसकेमा त्यस्तो विवाद प्राधिकरणको रोहबरमा सम्बन्धित पक्षहरूले आपसी वार्ताद्वारा समाधान गर्नु पर्नेछ।

(३) विवाद उत्पन्न भएको पैंतालीस दिनभित्र उपदफा (१) वा (२) बमोजिमको प्रक्रियाबाट विवाद समाधान हुन नसकेमा र त्यस्तो विवादको समाधान गर्न विवादका पक्षहरूबीच संयुक्त लगानी वा विवाद समाधान सम्बन्धी सम्झौता भएकोमा त्यस्तो सम्झौता बमोजिम विवादको समाधान गरिनेछ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान भएको कुराको जानकारी पक्षहरूले त्यस्तो विवाद समाधान भएको पन्ध्र दिनभित्र प्राधिकरणलाई दिनु पर्नेछ।

तर के कुन शर्तहरूमा त्यस्तो सहमति भएको हो भन्ने कुराको जानकारी दिन पक्षहरू बाध्य हुने छैनन्।

(५) उपदफा (३) बमोजिम पक्षहरूबीच भएको सम्झौतामा विवाद समाधान सम्बन्धमा कुनै व्यवस्था नभएकोमा नेपालको मध्यस्थता सम्बन्धी कानून बमोजिम मध्यस्थताद्वारा त्यस्तो विवादको समाधान गरिनेछ।

(६) कुनै विदेशी लगानीका सम्बन्धमा उत्पन्न विवादको समाधान विवादका पक्षहरूले अन्यथा मञ्जुर गरेमा बाहेक अन्तर्राष्ट्रिय व्यापार कानून सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय आयोग (अनसिट्रल) को प्रचलित नियम वा कार्यविधिको पालना गरी मध्यस्थता गरिनेछ।

(७) यस दफा बमोजिम गरिने मध्यस्थता नेपालमा हुनेछ र मध्यस्थता सम्बन्धी नेपालको कानून लागु हुनेछ।

तर उपदफा (३) बमोजिमको अवस्थामा सोही उपदफा बमोजिम हुनेछ।

(८) पक्षहरूबीच विवाद हुनु अघि विवाद समाधान सम्बन्धी कुनै सम्झौता नभएको वा भएको सम्झौता अपर्याप्त भएको महसुस गरेमा विवाद उत्पन्न भएपछि पनि विवाद समाधानका लागि सम्बन्धित पक्षहरूले सम्झौता गर्न सक्नेछन्। यसरी गरिएको सम्झौताको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।

(९) उपदफा (८) वमोजिम भएको सम्झौताको हकमा समेत यस दफा बमोजिम विवाद समाधान गर्न सकिनेछ।

६५. **<u>प्राधिकरणले नीतिगत व्यवस्था र सुशासनका आधारमा कार्य सञ्चालन गर्ने:</u>** (१) प्राधिकरणले आफ्नो दीर्घकालीन सोच र उद्देश्य बमोजिम व्यावसायिक सक्षमता र प्रतिस्पर्धात्मक कार्यसम्पादनका लागि आवश्यक नीति र व्यावसायिक योजना निर्माण गरी कार्य सञ्चालन गर्नु पर्नेछ।

(२) प्राधिकरणले स्वीकृत नीति, रणनीति र कार्य योजनाका आधारमा आवधिक तथा वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

(३) प्राधिकरणको काम कारवाहीमा लगानीको अवस्था तथा उपलब्धि र प्रतिफलको स्थिति, विकास आयोजना तथा कार्यक्रम सम्बन्धी आधारभूत सूचना र जानकारी लगानीकर्ता,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

सरोकारवाला र सर्वसाधारण जनतालाई समय समयमा उपलव्ध गराई पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु पर्नेछ।

(४) प्राधिकरणले संस्थागत सुशासन सम्बन्धी एकीकृत निर्देशिका, कार्यसम्पादन व्यवस्थापन निर्देशिका र जोखिम व्यवस्थापन निर्देशिका बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(५) प्राधिकरणको सङ्गठन र व्यवस्थापनको सक्षमता र उपयुक्तताको आवधिक रुपमा समीक्षा गरी निरन्तर रुपमा सुधार गर्दै कार्यसम्पादनमा सक्षमता र वित्तीय परिचालनको क्षेत्रमा प्रभावकारिता हासिल गर्नु पर्नेछ।

(६) विकासका दृष्टिले प्रदेशलाई सफल र प्रभावकारी तुल्याउनका लागि निरन्तर सुधारका लागि स्वतन्त्र रुपमा अनुसन्धान गरी तथ्य र प्रमाणको आधार तयार गर्नु पर्नेछ।

(७) प्राधिकरणको निर्णय पद्धति र कार्य सञ्चालनमा स्वार्थको द्वन्द्वको व्यवस्थापनका लागि उपयुक्त विधि बनाई लागु गर्नु पर्नेछ ।

६६. **<u>कार्य सम्पादन व्यवस्थापन प्रणाली:</u>** (१) प्राधिकरणले प्रदेशको विकास सम्बन्धी जिम्मेवारीको नेतृत्वदायी भूमिका निर्वाह गर्न तथा गुणस्तरीय र प्रतिस्पर्धात्मक रुपमा कार्यसम्पादन पद्धति सुदृढ गर्नका लागि कार्य सम्पादन व्यवस्थापन प्रणाली अवलम्वन गर्नु पर्नेछ।

(२) प्राधिकरणको कार्यकारी निर्देशकको जिम्मेवारी तथा कार्यको विश्लेषणका आधारमा कार्यसम्पादन र नतिजाको स्तर कार्यकारी परिषद्ले निर्धारण गर्नेछ ।

(३) प्राधिकरणको जिम्मेवारीमा रहेका सबै कर्मचारीको कार्य सम्पादन र नतिजाको स्तर तथा मापदण्ड निर्धारण गरिनेछ।

(४) प्राधिकरणको काम कारवाही र कार्य सम्पादनको स्थिति, सोको नतिजा र प्रभावकारिताको अनुगमन र सुपरीवेक्षण प्रदेश सरकारले गर्नेछ।

(५) प्राधिकरणले आफ्नो कार्य सम्पादन र क्रियाकलापलाई पारदर्शी तुल्याउन, कार्यदक्षतामा आधारित बनाउन र एकरुपता कायम गर्न विद्युतीय कारोवार विधि अवलम्वन गर्नेछ।

६७. **<u>प्राधिकरणको वित्तीय व्यवस्थापन:</u>** प्राधिकरणले आन्तरिक नियन्त्रण निर्देशिका र जवाफदेहिता तथा पारदर्शिता सम्बन्धी कार्यविधि जारी गरी कार्यान्वयनमा ल्याउनेछ।

६८. **<u>प्रदेश सरकारसँगको सम्पर्क:</u>** प्राधिकरणले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नेछ।

६९. **<u>अधिकार प्रत्यायोजन:</u>** प्राधिकरणले यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार कार्यकारी परिषदका अध्यक्ष वा उपसमिति वा सदस्य वा मातहतका पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

७०. **<u>वार्षिक प्रतिवेदन:</u>** (१) प्राधिकरणको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र तयार गरी कार्यकारी निर्देशकले कार्यकारी परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(२) कार्यकारी परिषद्ले प्राधिकरणको वार्षिक कार्य सम्पादन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र प्रदेश सरकार समक्ष प्रस्तुत गर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्राधिकरणले सो आर्थिक वर्षमा कार्यान्वयन गरेको आयोजना, परियोजना सञ्चालन गर्दा भएको खर्च र त्यसको उपलब्धि, स्वीकृत भएको लगानी रकम र आयोजना सङ्ख्या तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु समावेश गर्नु पर्नेछ।

(४) प्राधिकरणको वार्षिक कार्य सम्पादन प्रतिवेदन प्रदेश सरकारको स्वीकृतिमा सार्वजनिकीकरण गरिनेछ।

७१. **सम्पत्ति विवरण पेश गर्नु पर्ने:** प्राधिकरणका विज्ञ सदस्य र कार्यकारी निर्देशकले आफ्नो सम्पत्ति विवरण नियुक्ति भएको मितिले साठी दिनभित्र र त्यसपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र प्राधिकरणमा पेश गर्नु पर्नेछ।

७२. **शपथ:** प्राधिकरणका विज्ञ सदस्य र कार्यकारी निर्देशकले कार्यकारी परिषद्का अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

७३. **यो ऐन बमोजिम हुने:** प्राधिकरणको सञ्चालन र व्यवस्थापनका सम्बन्धमा यस ऐनमा उल्लेख भएको विषयमा यस ऐन बमोजिम र उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

७४. **बाधा अडकाउ फुकाउने:** यस ऐनमा लेखिएको कुनै विषयमा कार्यान्वयन गर्न कुनै वाधा अडकाउ परेमा कार्यकारी परिषद्को परामर्शमा प्रदेश सरकारले त्यस्तो वाधा अड्काउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ।

७५. **नियमावली, मापदण्ड, कार्यविधि तथा निर्देशिका बनाउने अधिकार:** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) कार्यकारी परिषद्ले प्राधिकरणको काम कारवाहीका सम्बन्धमा यो ऐन र उपदफा (१) अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक मापदण्ड, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

७६. **निर्देशन दिन सक्ने:** (१) प्राधिकरणको काम कारवाहीलाई प्रभावकारी बनाउन प्रदेश सरकारले आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश

अनुसूची

(दफा ७२ सँग सम्बन्धित)

**<u>शपथ</u>**

म .................. मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु / ईश्वरको / देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै गण्डकी प्रदेश विकास प्राधिकरणको विज्ञ सदस्य/कार्यकारी निर्देशक पदको काम काज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई ईमान्दारीताकासाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मितिः

........................

हस्ताक्षर

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश